# टोलस्तरीय योजना तर्जुमाः सुधारको लागि उत्तम प्रक्रिया

■ ओमप्रकाश देव, ओलिभर स्प्रिङ्गेट-बेगिन्स्की, नागेन्द्रप्रसाद यादव, जोन सुसन

## परिचय

यो लेख सा.व. उपभोक्ता समूहहरूको योजना तर्जुमा, निर्णय प्रक्रिया र कार्यान्वयन पक्षमा केन्द्रित छ । उपभोक्ता समूहहरूको उनीहरूद्वारा नै तय गरिएका सूचकहरूको आधारमा कार्य सम्पादन लेखाजोखा गर्ने, टोलस्तरीय विकेन्द्रित योजना तर्जुमा प्रक्रियाहरूबारे छलफल गर्ने र टोलस्तरीय योजना विधिबारे प्रस्तुत गर्ने यस लेखका उद्देश्यहरू छन् । यो विधि ११ ओटा उपभोक्ता समूहहरूमा परीक्षण गरिएको थियो । धनीहरूको इच्छा अनुरुपको निर्णय प्रक्रिया, सबैलाई समेट्ने र समतामूलक जीविकोपार्जन र सामुदायिक विकास गतिविधि जस्ता विषयहरूलाई प्रस्तुत विधिले समेटेको छ ।

## योजना तर्जुमा, निर्णय-प्रक्रिया र कार्यान्वयनका प्रक्रियाहरू

अरुबढी प्रभावकारी वन व्यवस्थापन र सामुदायिक विकास गतिविधिहरू सञ्चालनको लागि प्रभावकारी र प्रजातान्त्रिक योजना तर्जुमा, निर्णय प्रक्रिया र कार्यान्वयन पद्धती आवश्यक छन् । यस अध्ययनमा उपभोक्ता समूहहरूले कस्तो कार्य सम्पादन गरेका छन् भन्ने थाहा पाउनको लागि उपभोक्ताहरूसँगै छलफल गरी विभिन्न सूचकहरू तयार पारिएको थियो । प्रत्येक सूचक अनुरुप प्रगतिको अवस्था पहिलो पटक अध्ययन टोलीले सन् १९९८ मा लिएको थियो । त्यसको ठीक एक वर्ष पछि टोल तहको योजना तर्जुमा प्रक्रियाको प्रभाव अध्ययन गर्न पुनः ती सूचक अनुरुप नै लेखाजोखा गरिएको थियो ।

धेरैजसो समूहहरूले उपभोक्ता समिति तथा साधारण सभाको बैठक नियमितरुपमा गरेको भेटियो । जुन समूहले नियमितरुपमा साधारण सभा गर्न सकेका छैनन् त्यसका कारणहरूमा मुख्यतः सा.व.का प्रक्रियाबारे चेतनाको कमी, कमजोर सञ्चार प्रणाली, फुर्सदको कमी, प्रभावकारी निर्णयको अभाव र सभा स्थल टाढा हुनु देखिएका छन् । तर केही समूहहरूले बैठकमा सहभागिता बढाउन लिखितरुपमा पत्र पठाउने, बैठकको स्थान परिवर्तन गर्ने, अनुपस्थित उपभोक्ताहरूलाई दण्डको व्यवस्था गर्ने र कम गणपूरक संख्याको आधारमा बैठक/भेला सञ्चालन गर्ने आदि तरिका अवलम्वन गरेका छन् । पारदर्शिता र सबैलाई समेट्ने निर्णय-प्रक्रियाको लागि उपभोक्ताहरूलाई आफ्नो अधिकार र उपयुक्त प्रक्रिया एवं विधिहरूबारे जानकारी हुनै पर्दछ । उपभोक्ताहरूमा जानकारी कम हुनाकै कारणले समितिमा धनीहरूको वाहुल्यता देखिन्छ । यद्यपि यी धनीहरू परम्परागत सामन्तीहरू भने होइनन् । यस अध्ययनमा ११ मध्ये ६ ओटा समूहहरूमा उपभोक्ताहरूलाई बैठकको मिति र छलफलका एजेन्डा थाहा भएको र निर्णय-प्रक्रियामा समावेस रहेको पाइए । वन कार्ययोजना वास्तबमा 'योजना' नभइ अवधारणापत्र जस्तो भएको पाइयो । कार्ययोजनालाई परिवर्तन गर्दा लामो प्रशासनीक झन्झटले गर्दा उपभोक्ता समितिले यसमा गर्न खोजेको वा गरेका परिवर्तनहरू पनि जिल्ला वन कार्यालयमा थाहा नदिएको पाइयो । उपयुक्त योजना तर्जुमा प्रक्रियाको अभाव र कामचलाउ मात्रको योजना तर्जुमा प्रक्रियाले गर्दा ठूलाबडाको निर्णयलाई चुनौति दिन सम्भव देखिएको छैन ।

उपभोक्ता समूहहरू ‘कानुनी प्रक्रियासङ्गत ढङ्गले सङ्गठित समुदाय’ हुन् । यसका साधारण सदस्यहरू परम्परागतरुपमा वनको उपयोग गर्दै आएका आधारमा चयन हुन्छन् । उपभोक्ता छनौटमा वडा, गा.वि.स.वा जिल्लाको सीमानाको बन्देज रहँदैन । तसर्थ उपभोक्ताहरूको साधारण सभामा उनीहरू एकापसमा अपरिचित पनि हुन सक्छन् । यस्तो अवस्थामा सबै सदस्यहरूलाई खुलेर बोल्न अप्ठ्यारो हुन सक्छ । तसर्थ टोलस्तरमा कतिपय मुद्दाहरूमा छलफल तथा बहस गरिनु राम्रो देखिएको छ । यसो त धेरैजसो टोलहरूमा टोल स्तरीय समूहहरू क्रियाशील छन् जस्तैः बचत तथा ऋण समूह, आमा समूह, युवा क्लव, दुध उत्पादन समूह, खाने पानी समूह आदि । पहिलो निरिक्षणमा ११ ओटा वन उपभोक्ता समूह मध्य एउटा समूहमा मात्र टोलस्तरमा राम्रो छलफल भएको पाइएको थियो । तर दोस्रो भ्रमणमा सबै उपभोक्ता समूहका केही टोलहरूमा टोलस्तरीय छलफल हुने गरेको  पाइयो ।

नेताले उपभोक्ताहरूको आवश्यकता बुझ्ने, नयाँ विचार दिन सक्ने र निर्णयहरूको प्रभावकारी कार्यान्वयन गर्न सक्ने नेतृत्व समूह सदस्यहरूले चाहना राख्दछन् । यस्तो प्रभावकारी नेतृत्व दुई ओटा समूहमा मात्र भेटियो । पाँचोटा समूहमा उपभोक्ता समितिको नेतृत्व अत्यन्त कमजोर थियो किनकी नेतृत्व उपभोक्ताहरूको चाहना भन्दा टाढै रहने र अधिकार मात्र केन्द्रित गर्न खोज्नु नै हो । धेरै समूहहरूमा नेतृत्व हस्तान्तरण प्रक्रिया ज्यादै कमजोर खालको पाइयो । साधारण सभामा गरिएका निर्णयहरू कार्यान्वियन गर्न नसक्नु पनि अर्को समस्या हो ।

सामान्यतः उपभोक्ता समूहमा राजनीतिक पार्टीहरूको हस्तक्षेप देखिएन, तर ११ ओटा समूह मध्ये ४ ओटामा ‘राजनीतिक हस्तक्षेप’ एउटा समस्याको रुपमा औंल्याइएको थियो । दुई समूहमा राजनीतिक व्यक्ति नै समूहका अध्यक्ष थिए । उपभोक्ता समूहका क्रियाकलापहरूमा सदस्यहरूको सहभागिता २ ओटामा न्यून र अरु ६ ओटामा मध्यम पाइयो । उपभोक्ता समूहहरूको योजना तर्जुमा, निर्णय प्रक्रिया र कार्यान्वयन प्रक्रियामा भएका कमजोरीहरूले उपभोक्ता समूहहरूलाई ‘सा.व.’ हैन, ‘समितिको वन’ वा ‘अध्यक्षको वन’ भन्ने झझल्को दिएका छन । अध्ययन गरिएका सबै समूहका समितिहरूमा धनी वर्गहरूले नै धेरैजसो पद ओगटेका थिए भने केहीमा उपभोक्ता समितिमा टोल, जाति, र महिलाहरूको सन्तुलित प्रतिनिधित्व थियो । तर सबै उपभोक्ता समितिका अध्यक्ष र सचिव धनीहरू थिए । सरसर्ती अध्ययनमा तीनोटा उपभोक्ता समूह मात्र ‘सामुदायिक वन’ को रुपमा देखिए भने सातोटामा ‘समितिको वन’ र एउटामा ‘अध्यक्षको वन’ को रुपमा पाइए ।

### योजना तर्जुमा प्रक्रियामा नयाँ विधिको आवश्यकता

यस अध्ययनले वन उपभोक्ता समूहको निर्णय र कार्यान्वयन प्रक्रियामा केही परिवर्तन गर्न आवश्यक देखिएको छ ।

- वर्तमान उपभोक्ता समूहको योजना ‘वन कार्ययोजना’ हो भन्ने छ, जुन उपभोक्ताहरूको परिवर्तित मागहरू पूरा गर्न सक्षम छैन । तसर्थ, थप खालको विस्तृत योजना पुस्तिका चाहिन्छ ।
- उपभोक्ता समूहले वनसँग सम्बन्धित कार्यहरू मात्र नभई अन्य सबै जीविकोपार्जनसँग सम्बन्धित सामुदायिक कार्यहरू गर्नुपर्दछ ।
- हालको उपभोक्ता समिति केन्द्रित योजना तर्जुमा प्रक्रिया नभै टोलस्तरको विकेन्द्रित योजना तर्जुमा प्रक्रिया अवलम्बन गरिनु पर्दछ ।

- योजना तर्जुमा गर्दा वाह्य सहयोग थोपरिने नगरी उपभोक्ता समूहको आवश्यकता र चाहना अनुसार हुनुपर्दछ ।

**टोल स्तरीय योजना तर्जुमा एक परिस्कृत एवं गतिशिल प्रक्रिया**

वन उपभोक्ता समूहहरूले सबै उपभोक्ताहरूको प्रतिनिधित्व गर्नको लागि टोल स्तरीय योजना तर्जुमालाई प्रभावकारी बनाइनु पर्दछ । यो ठूला उपभोक्ता समूहहरूमा झनै आवश्यक छ । 'टोल' स्तरीय गतिविधिका थुप्रै फाइदाहरू छन् । एकैटोलमा हुने जातीय एकरुपताले सदस्यहरू बीच घनिष्टता हुन्छ, भौगोलिक निकटताले नियमित अनौपचारिक अन्तर्क्रिया भई नै रहन्छ, महिलाहरू पनि बिहान, बेलुकी भाग लिन सक्दछन् र यस्तो छलफलबाट टोलस्तरका अन्य सामुदायिक विकास गतिविधिहरूको लागि पनि आधार हुन सक्दछ । टोल स्तरको छलफलबाट टोलको वास्तविक आवश्यकताहरू उजागर हुन्छन् ।

टोलस्तरको कार्य योजना तर्जुमा प्रक्रियालाई सातोटा चरणहरूमा विभाजन गर्न सकिन्छ । ती हुन्: प्रारम्भिक उपभोक्ता समितिको योजना बैठक, टोल र पेशागत समूह बैठक, उपभोक्ता समितिको बैठक, साधारण सभा, समूह स्तरीय बिस्तृत कार्ययोजनाको मस्यौदा तयार, कार्यान्वयन प्रक्रिया तथा नियमित प्रक्रियागत अनुगमन रहेका छन् ।

**सूक्ष्म स्तरको योजना तर्जुमाका प्रभावहरू**

अनुसन्धान टोली तथा उपभोक्ताहरूले संयुक्त रुपमा एक वर्ष अवधिमा भएको सूक्ष्मस्तरको योजना तर्जुमाका प्रभावहरूबारे अध्ययन गरिएको थियो । यस अध्ययनबाट धनीको मात्र इच्छामा भएका निर्णयहरूमा कमी, उपभोक्ताहरूको वृहद् माग पूर्ति भएको, समतामूलक सामुदायिक विकासका गतिविधिहरूको सुरुआत, निणयहरूको प्रभावकारी कार्यान्वयन, गा.वि.स. र उपभोक्ता समूहहरूको बीच राम्रो समन्वय तथा माग अनुरुप वाह्य सहयोगको सुरुआत आदि रहेका छन् । एक वर्षको अवधिमा उक्त कार्ययोजनामा तोकिएका सरदर ७१% कार्यहरू सम्पन्न भएका देखिए । टोल स्तरीय योजना तर्जुमामा तय गरिएका क्रियाकलापहरू मध्ये उपभोक्ताको पहिचान, स्पष्ट निर्णय प्रक्रिया, टोल स्तरीय बैठकको सुरुवात, सूचना प्रबाह, महिला समूह गठन, अन्य आर्थिक विकासका क्रियाकलाप सञ्चालन र वचत तथा ऋण परिचालन आदि सफलतापूर्वक सञ्चालन गरेको पाइए । त्यसैगरी सीमाना विवाद र वन कार्ययोजनाको सुधार भने हुन सकेको पाइएन ।

**निष्कर्ष**

टोल स्तरको योजना तर्जुमा प्रक्रियाले उपभोक्ता समूहहरूलाई आफ्नो समस्या समाधान गर्न उनीहरूको क्षमतामा अभिवृद्धि गर्दछ । यसबाट उनीहरूका तत्कालका आवश्यकताहरूलाई प्राथमिकता तोक्न सघाउ पुग्दछ । उनीहरूको आफ्नै उद्देश्य तोक्न तथा विषयगत निकाय वा अन्य निकायहरूके स्रोत परिचालन गराउन समेत सघाउ पुग्दछ । यसले स्थानीय निकायको सहभागिता योजना तर्जुमा प्रक्रियामा समेत सघाउ पुऱ्याउँछ । सूक्ष्म स्तरको योजना तर्जुमा भित्र प्राविधिक सहयोग, विवाद समाधान, विधान र वन कार्ययोजना पुनरावलोकन गर्ने, समन्वय कायम गर्ने, स्थानीय निकायको योजना तर्जुमामा समायोजन गर्ने आदि पर्दछन् र ती कार्यहरू कार्यान्वयनका लागि वाह्य सहयोगको आवश्यकता पर्दछ ।